लोक सेवा आयोग

नेपाल नागरिक उड्डयन प्राधिकरण, प्रशासन, प्रशासन, प्रशासन, पाँचौं, वरिष्ठ सहायक पदको खुला प्रतियोगितात्मक लिखित परीक्षा

२०८०।१०।१३

पत्र : द्वितीय
समय : २ घण्टा ३० मिनेट
पूर्णाङ्क : १००

विषय : सेवा सम्बन्धी

प्रत्येक **खण्ड**को उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

**खण्ड "क"** **५० अङ्क**

१. सार्वजनिक प्रशासनको परिचय दिँदै यसको कार्यक्षेत्र लेख्नुहोस् । २+३=५

२. जिन्सी स्रेस्ता भनेको के हो? नेपालका सार्वजनिक निकायमा प्रयोग हुने प्रमुख जिन्सी स्रेस्ताहरू उल्लेख गर्नुहोस् । ५

३. समूह गतिशीलताको परिचय दिँदै समूह गतिशीलतालाई कसरी प्रभावकारी बनाउन सकिन्छ? लेख्नुहोस् । २+३=५

४. उत्प्रेरणा सम्बन्धी Herzberg's Dual Factor Theory बारे लेख्नुहोस् । ५

५. कुनै पनि संगठनमा पारदर्शिता अभिबृद्धि गर्न सार्वजनिक सेवा वडापत्रको भूमिका उल्लेख गर्नुहोस् । ५

६. Digital Governance भनेको के हो? उदाहरणसहित लेख्नुहोस् । ५

७. सार्वजनिक सेवा प्रवाह भनेको के हो? सार्वजनिक सेवा प्रवाहका सम्बन्धमा सेवाग्राहीका अधिकार र दायित्वहरू उल्लेख गर्नुहोस् । २+४+४=१०

८. उत्तरदायित्व भनेको के हो? जानकारी गराउँदै उत्तरदायित्वका सिद्धान्तहरू उल्लेख गर्नुहोस् । ४+६=१०

**खण्ड "ख"** **५० अङ्क**

९. हवाई नीति, २०६३ मा विमानस्थल वर्गीकरण तथा सञ्चालन सम्बन्धी के-कस्तो व्यवस्था गरिएको छ? लेख्नुहोस् । ५

१०. गैर सैनिक हवाई उडान नियमावली, २०५२ ले नेपालको हवाई क्षेत्रमा वायुयान उडान गर्न हवाई उडान तथा वायुयानसँग सम्बन्धित के-कस्ता कागजातहरू साथमा राख्नुपर्ने व्यवस्था गरेको छ? लेख्नुहोस् । ५

११. नेपाल नागरिक उड्डयन प्राधिकरणको सेवाको पदमा उम्मेदवार हुन कस्ता व्यक्तिलाई अयोग्य मानिन्छ? उल्लेख गर्नुहोस् । ५

१२. नेपाल नागरिक उड्डयन प्राधिकरण विमानस्थल सेवा शुल्क नियमावली बमोजिम प्राधिकरणले विमानस्थलमा वायुयान विसान सेवा उपलब्ध गराए बापत वायुयानलाई विसान सेवा शुल्क लगाउन नसक्ने अवस्था बारे चर्चा गर्नुहोस् । ५

१३. सार्वजनिक खरिद ऐन, २०६३ अनुसार बोलपत्रको पूर्णताको परीक्षण गर्दा बोलपत्र मूल्यांकन समितिले परीक्षण गर्नुपर्ने विषयहरू उल्लेख गर्नुहोस् । ५

१४. विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ मा विद्युतीय अभिलेख उत्पत्तिकर्ताको मानिने अवस्थाहरू के-के रहेका छन्? उल्लेख गर्नुहोस् । ५

१५. नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ अनुसार प्राधिकरणका काम, कर्तव्य र अधिकारहरू उल्लेख गर्नुहोस् । १०

१६. नेपालको हवाई सुरक्षाको अवस्थाबारे चर्चा गर्दै हवाई सुरक्षालाई प्रभावकारी बनाउन अवलम्बन गर्नुपर्ने उपायहरू उल्लेख गर्नुहोस् । ५+५=१०

:: समाप्त ::